REGIONAL NEWS UNIT

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS BULLETIN

BROADCAST: 18:40hrs Date: 11.07.2026

## सिक्किम-पश्चिम बंगाल बीच पारस्परिक यातायात सम्झौतामा हस्ताक्षर

अन्तरराज्यीय यातायात सम्पर्क सुदृढीकरण र सारथी तथा यातायात सञ्चालकहरूको जीविकोपार्जन सुधार गर्ने उद्देश्यले गरिएको महत्वपूर्ण घटनाक्रम अन्तर्गत, सिक्किम र पश्चिम बंगाल सरकारहरूले हिजो कोलकाताको परिवहन भवनमा पारस्परिक यातायात सम्झौतामा हस्ताक्षर गरे। यातायात सम्पर्क सुदृढीकरण गर्न दुई राज्य सरकारहरू बीच भएको छलफलपछि यो सम्झौता भएको हो। यसले सिक्किमको यातायात क्षेत्रका लागि धेरै महत्त्वपूर्ण फाइदाहरू प्रस्तुत गर्दछ। सिक्किम ट्याक्सी सवारी साधनहरूको लागि काउन्टर सिग्नेचर अर्थात प्रतिहस्ताक्षर परमिटको कोटा तीन हजारबाट बढाएर छ हजार गरिएको छ। विशेष अनुमति अन्तर्गत सञ्चालित ट्याक्सी सवारी साधनहरूलाई अब सिलिगुडी र अन्य क्षेत्रहरूबाट फर्कने क्रममा यात्रुहरू लिन अनुमति दिइनेछ ।

यसरि नै, रम्फू र मल्ली बीच यात्रा गर्ने सिक्किम-आधारित यातायात सवारी साधनहरूलाई अब नयाँ शुरु गरिएको करिडोर सुविधा अन्तर्गत काउन्टर सिग्नेचर परमिटको आवश्यकता पर्ने छैन । सम्झौताको स्वागत गर्दै, सिक्किमका मुख्यमन्त्री प्रेम सिंह तामाङले यसलाई राज्यको यातायात समुदायको लागि ऐतिहासिक कोशेढुङ्गाको रूपमा वर्णन गर्दै पश्चिम बंगालका मुख्यमन्त्री शुभेन्दु अधिकारी, पश्चिम बंगाल सरकारका यातायात विभागका प्रभारी मन्त्री अर्जुन सिंह र पश्चिम बंगाल सरकारप्रति, छोटो समयमै सम्झौतालाई वास्तविकतामा परिणत गर्न तत्काल सहयोग र समर्थन गरेकोमा हार्दिक आभार व्यक्त गर्नुभयो। सम्झौताले हजारौं सारथीहरूलाई उल्लेखनीय राहत प्रदान गर्ने, क्षेत्रीय सम्पर्क बढाउने र छिमेकी राज्य सिक्किम र पश्चिम बंगाल

बीचको लामो समयदेखिको मित्रता र सहयोगको बन्धनलाई अझ बलियो बनाउने मुख्यमन्त्रीले भन्नुभयो।

## सिक्किम सरकारको पर्यटन तथा नागरिक उड्डयन विभागले कोलकाताको TTF मा सफलतापूर्वक शुरुवात गर्यो

सिक्किम सरकारको पर्यटन तथा नागरिक उड्डयन विभागले 10 देखि 12 जुलाई सम्म कोलकाताको यात्रा तथा पर्यटन मेलाको उद्घाटन दिन सफल शुरुवात गर्यो।सिक्किम पर्यटन मण्डपले आगन्तुक, यात्रा पेशेवर र गनमान्य व्यक्तिहरूबाट अभूतपूर्व प्रतिक्रिया पाएको छ।

यस मेलामा, मण्डप प्रमुख आकर्षणहरू मध्ये एकको रूपमा देखा परेको छ, जसले सिक्किमको विविध पर्यटन अनुभवहरूलाई उजागर गर्दै राज्यको बढ्दो लोकप्रियतालाई मनपर्ने यात्रा गन्तव्यको रूपमा पुष्टि गर्दछ। यो कार्यक्रम, सिक्किम INSPIRES परियोजना मार्फत विभागले गरिरहेको प्रमुख प्रचारात्मक गतिविधिहरू मध्ये एक हो।

सिक्किम सरकारको पर्यटन तथा नागरिक उड्डयन विभागले मुख्यमन्त्री प्रेम सिंह तामाङको दूरदर्शी नेतृत्वमा प्रमुख राष्ट्रिय कार्यक्रमहरूमा सक्रिय सहभागिता मार्फत सिक्किमलाई प्रमुख पर्यटन गन्तव्यको रूपमा स्थापित गर्न समर्पित प्रयासहरू जारी राखेको छ।

## राष्ट्रिय राजमार्ग-10 आजदेखि 13 जुलाईसम्म पाँच घण्टा बन्द हुने

सिक्किम र पश्चिम बंगाललाई जोड्ने राष्ट्रिय राजमार्ग-10 आजदेखि 13 जुलाईसम्म दैनिक बिहान 5 बजेदेखि 10 मा बजेसम्म सबै सवारी साधनको आवागमन अस्थायी रूपमा बन्द हुने

भएको छ। राष्ट्रिय राजमार्ग तथा पूर्वाधार विकास निगम लिमिटेडले एक आधिकारिक सूचना मार्फत बर्दाङ नजिकै पहिरोको जोखिममा रहेको 20 माइल खण्डमा आपातकालीन निकास र पुनर्स्थापना कार्यलाई सहज बनाउन यो घोषणा गरेको हो।

बन्द अवधिमा, यातायात राष्ट्रिय राजमार्ग-717A हुँदै रम्फू-रोराथाङ- पाकिम-रानीपूल हुँदै डाइभर्ट गरिनेछ, भने हल्का मोटर सवारी साधनहरूले सिंगताम र रम्फूलाई जोड्ने चेउरीबोटे-दुगा-पेन्डम सडक प्रयोग गर्न सक्नेछन् ।

## आयुष विभागले होमियोप्याथी सप्ताह मनाउँदै

आयुष विभागले 6 देखि 13 जुलाई सम्म "आयुष सामाजिक सञ्जाल प्रचार सप्ताह" शीर्षकको एक नवीन डिजिटल जागरूकता पहल शुरू गरेको छ। वर्षभरि सूचना, शिक्षा र सञ्चार पहलको रूपमा तयार पारिएको अभियानमा प्रत्येक हप्ता एउटा आयुष प्रणाली रहेको छ, जसमा दैनिक जानकारीमूलक पोस्टहरू, शैक्षिक रीलहरू, स्वास्थ्य सम्बन्धि सुझावहरु, मिथक-बनाम-तथ्य श्रृंखला आदिको प्रसारण समावेश छ।

हालको हप्ता होमियोप्याथीलाई समर्पित छ, जहाँ आयुष डाक्टरहरूले उत्साहपूर्वक जनतालाई शिक्षित गर्न रचनात्मक र प्रमाण-आधारित सामग्रीको योगदान दिई रहेकाछन्।

## सिक्किमकी न्यायाधीश मीनाक्षी मदन राई पटना उच्च अदालतको मुख्य न्यायाधीशको पदबाट अवकाश लिँदै

सिक्किमका सबैभन्दा प्रतिष्ठित न्यायिक व्यक्तित्वहरूमध्ये एक, न्यायाधीश मीनाक्षी मदन राईले आज पटना उच्च अदालतको मुख्य न्यायाधीशको पदबाट अवकाश लिनुभयो ।

उहाँले यस वर्ष 5 जुनमा पदभार ग्रहण गर्दै पटना उच्च अदालतको 48 औं मुख्य न्यायाधीशको रूपमा सेवा गर्नुभयो।

न्यायाधीश राईले सिक्किमबाट उच्च अदालतको न्यायाधीशको रूपमा नियुक्त हुने पहिलो महिला हुने गौरव प्राप्त गर्नु भएकोछ, जो राज्यको न्यायिक इतिहासमा ऐतिहासिक कोसेढुङ्गा हो।